# नेपालमा दण्डहीनताको अपसंस्कारः एक विश्लेषण

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति
इमेलः hrtmcc@hrtmcc.org, वेब साइटः www.hrtmcc.org

# नेपालमा दण्डहीनताको अपसंस्कार: एक विश्लेषण

| | | |
|---|---|---|
| **प्रकाशन मिति** | : | चैत २०६५ |
| **सङ्ख्या** | : | २ हजारप्रति |
| **प्रकाशक** | : | मानवअधिकार सन्धि अनुगमन समन्वय समिति |
| | | |
|---|---|---|
| **सर्वाधिकार** | : | मानवअधिकार सन्धि अनुगमन समन्वय समिति |
| | | |
|---|---|---|
| **लेखन** | : | अधिवक्ता गोविन्द शर्मा 'बन्दी' |
| **संयोजन** | : | बिद्या चापागाई |
| **आवरण/लेआउट** | : | गीता माली |
| **मुद्रण** | : | इन्द्रेणी अफसेट प्रेस, अनामनगर, फोन नं. ४६६०५३३, ४७७१४४८ |

# भूमिका

विस्तृत शान्ति सम्झौतादेखि न्यूनतम साझा कार्यक्रम र वर्तमान सरकारको नीति र कार्यक्रमसम्म भएका सम्झौतामा दण्डहीनताको अन्त्य गर्ने प्रतिबद्धता गरिएको छ। विस्तृत शान्ति सम्झौता २०६३, अन्तरिम संविधान २०६३, अन्तरिम सरकारको न्यूनतम सहमतिको साझा कार्यक्रम २०६३ तथा ६ राजनीतिक दल र नेकपा (माओवादी)बीच सम्पन्न २३ बुँदे समझदारी, अन्तरिम सरकारको सत्य निरूपण तथा मेलमिलाप आयोग २०६४, शान्ति तथा पुन:स्थापना आयोग र बेपत्ता नागरिकको खोजी गर्ने उच्चस्तरीय आयोग गठनले राष्ट्रिय पुन:मिलनको वातावरण सिर्जना गर्न र दिगो शान्ति कायम गरी मुलुकमा विधिको शासन स्थापना गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता जनाएका छन्।

उल्लिखित राजनीतिक सहमतिअनुरूप सत्य तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोग गठन गरी विगतमा भएका मानवअधिकार उल्लङ्घनविरुद्ध कारबाही गरी पीडितलाई न्याय दिन सरकारले यथोचित प्रयास गरिरहेको छैन। अर्कोतिर, सरकारले हत्या, बलात्कार, अपहरण, जबरजस्ती चन्दा असुली, लागू औषध कारोबार, मानवतस्करीलगायतका ३ सय ४९ मुद्दा फिर्ता लिई आरोपीलाई उन्मुक्ति दिएर दण्डहीनतालाई प्रोत्साहन पुऱ्याउने काम गरेको छ। यसले कानुनी राज्यको सुनिश्चितता र दिगो शान्तिमा गम्भीर प्रतिकूल असर पुग्न सक्छ।

विगतमा भएका मानवअधिकारविरोधी क्रियाकलापमा संलग्न अपराधीहरूलाई कानुनी प्रक्रियामा ल्याई कारबाही गर्नुपर्नेमा राजनीतिक इच्छाशक्तिको अभाव र अपराधमा राजनीतिक संरक्षणका कारणले अपराधीहरूलाई न्यायिक प्रक्रिया नल्याइनाले समाजमा अराजकता बढ्दै गएर दण्डहीनता मौलाउने वातावरण सिर्जना भएको छ। माओवादी जनयुद्ध सुरु भएपछि राज्य तथा गैरराज्यपक्षबाट भएका मानवअधिकारका घटनाको छानबिन गरी दोषीउपर कारबाही गर्न सरकार र राजनीतिक दलहरू नै तत्पर देखिएका छैनन्।

मानवअधिकार समुदायकाका अधिकांश सुझाव तथा सिफारिसका साथै सर्वोच्च अदालतले न्यायिक छानबिन गरी २०६४ जेठ १८ गते बलपूर्वक बेपत्ता पारिएका घटनामा विद्यमान दण्डहीनताको अन्त्य गर्न विशेष कानुन तर्जुमा गरी बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्न र विगत द्वन्द्वकालमा गराइएका बेपत्तालाई अन्तर्राष्ट्रिय कानुनले तोकेको मापदण्डअनुरूप छानबिन आयोग गठन गरी सम्बोधन गर्न सरकारका नाममा दिएका निर्देशनात्मक आदेशको पनि पूर्ण रूपमा कार्यान्वयन भएका छैनन्।

सरकारले बारम्बार दण्डहीनता अन्त्यको कुरा गर्ने तर यसको अन्त्यका लागि महत्वपूर्ण कसीका रूपमा रहेको अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको अनुमोदन र त्यसको कार्यान्वयन नगर्नु पनि दण्डहीनतालाई प्रश्रय दिनु हो। दण्डहीनताको

अन्त्य गरी मानवअधिकार र कानुनी शासनको सिद्धान्तको परिपालन गर्दै अघि बढ्नसकेमा देशमा दीर्घकालीन शान्ति र न्यायको प्रत्याभूति हुनसक्छ।

यस अध्ययन प्रतिवेदनमा मूलत: मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले विगत सशस्त्र द्वन्द्वका क्रममा देशका विभिन्न ठाउँमा भएका मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनका घटनाहरू अनुगमन गरी तयार गरेका प्रतिवेदनहरूको अध्ययन गरी नेपालमा दण्डहीनताको अपसंस्कारको विश्लेषण गरिएको छ। यसमा खासगरी नेपालमा दण्डहीनताको अपसंस्कृति रहेका मुख्य-मुख्य क्षेत्रहरूका घटनालाई विश्लेषणका माध्यमबाट पहिचान गरी त्यसको अन्त्यका निम्ति चाल्नुपर्ने कानुनी र संस्थागत सुधारका बारेमा सुझाव दिइएको छ।

यस अध्ययन प्रतिवेदनमा दण्डहीनताको सन्दर्भ चर्चा गर्दै नेपालमा विद्यमान दण्डहीनताको अवस्था र यसको अध्ययनको विधि तथा सीमाका बारेमा चर्चा गरिएको छ। गैरकानुनी पक्राउ, थुना र बलपूर्वक बेपत्ता पार्ने कार्य, यातना, गैरन्यायिक हत्या र यौनजन्य हिंसासम्बन्धी नेपालमा विद्यमान सन्दर्भ, वर्तमान अवस्था र कारणहरूको चर्चा गर्दै अन्तर्राष्ट्रिय कानुनले नेपालउपर निरूपण गरेका दायित्व र सो वहन हुन नसकेको कुराको सान्दर्भिक चर्चा पनि गरिएको छ।

यस अध्ययनमा प्रतिवेदन लेखनजस्तो महत्त्वपूर्ण कार्य गर्नुहुने अधिवक्ता गोविन्द बन्दीलाई धन्यवाद दिन चाहन्छु। त्यसैगरी, विद्या चापागाईंका साथै साजसज्जाका लागि गीता मालीलाई पनि धन्यवाद दिन चाहन्छु।

**सुबोधराज प्याकुरेल**
अध्यक्ष
सचिवालय मानवअधिकार सन्धि अनुगमन समन्वय समिति

# विषयसूची


| | |
|---|---|
| **१. अध्याय १ : अध्ययनको सन्दर्भ, उद्देश्य, विधि र सीमा** | **१** |
| १.१ विषय प्रवेश | १ |
| १.२ नेपालको सन्दर्भमा दण्डहीनता | १ |
| १.३ अध्ययनको उद्देश्य | ४ |
| १.४ अध्ययन विधि र सीमा | ४ |
| १.५ अध्यायीकरण | ४ |
| **२. अध्याय २ : गैरकानुनी पक्राउ, थुना एवम् बलपूर्वक बेपत्ता र दण्डहीनता** | **६** |
| २.१ परिचय | ६ |
| २.२ बलपूर्वक बेपत्ता पार्ने कार्य विरुद्ध विकसित अन्तर्राष्ट्रिय मापदण्डहरू | ६ |
| २.३ पक्राउ र नियन्त्रण सम्बन्धमा प्रचलित नेपाल कानुन | ९ |
| २.४ घटना विश्लेषण | ११ |
| २.५ निष्कर्ष | १४ |
| **३. अध्याय ३ : अत्यधिक बल प्रयोग र दण्डहीनता** | **१६** |
| ३.१ परिचय | १६ |
| ३.२ अत्यधिक बलप्रयोगको अवस्था | १६ |
| ३.३ बलप्रयोगसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरू | १७ |
| ३.४ बलेबारी काण्डमा भएको अत्यधिक बलप्रयोगको तथ्यगत विश्लेषण | १८ |
| ३.५ बेलबारी काण्डमा भएको र सोसम्बन्धी कानुनी व्यवस्थाको विश्लेषण | १९ |
| ३.६ निष्कर्ष | २१ |
| **४. अध्याय ४ : यातना र दण्डहीनता** | **२३** |
| ४.१ परिचय | २३ |
| ४.२ नेपालमा यातनाको अवस्था | २३ |
| ४.३ यातना विरुद्ध कानुनी संरक्षण र मापदण्डहरू | २५ |
| ४.४ यातनाबाट सुरक्षा प्रदान गर्न अपनाउनु पर्ने मापदण्डहरू | २५ |
| ४.५ घटना विश्लेषण | २६ |
| ४.६ निष्कर्ष | २८ |

**५. अध्याय ५ : गैरन्यायिक हत्या र दण्डहीनता** ३०
५.१ परिचय ३०
५.२ गैरन्यायिक हत्याको परिभाषा ३०
५.३ गैरन्यायिक हत्या विरुद्धको कानुनी संरक्षण ३१
५.४ नेपालमा गैरन्यायिक हत्या ३३
५.५ गैरन्यायिक हत्याका प्रवृत्तिहरू ३३
५.६ अनुसन्धान नहुनका कारणहरू ३५
५.७ गैरन्यायिक हत्या र सर्वोच्च अदालत ३६
५.८ निष्कर्ष ३८
**६. अध्याय ६ : यौनजन्य हिंसा र दण्डहीनता** ३९
६.१ परिचय ३९
६.२ यौनजन्य हिंसा विरुद्ध कानुनी संरक्षण ३९
६.३ सशस्त्र विद्रोहका दौरानका महिला हिंसा ४१
६.४ निष्कर्ष ४२
**७. अध्याय ७ : अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन र दण्डहीनता** ४३
७.१ परिचय ४३
७.२ अन्तर्राष्ट्रिय मानवीय कानुन र द्वन्द्वरत पक्षको दायित्व ४४
७.३ नेपालमा अन्तर्राष्ट्रिय मानवीयकानुनको उल्लङ्घनको अवस्था ४५
७.४ घटना विश्लेषण ४५
७.५ निष्कर्ष ४८
**८. अध्याय ८ : निष्कर्ष र सुझाव** ४९

# परिच्छेद १

# अध्ययनको सन्दर्भ, उद्देश्य, विधि र सीमा

## १.१. विषय प्रवेश

यो अध्ययन मूलत: मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले विगत सशस्त्र द्वन्द्वका क्रममा देशका विभिन्न ठाउँमा भएका मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनका घटनाहरू अनुगमन गरी तयार गरेको प्रतिवेदनहरूमा आधारित विश्लेषणात्मक अध्ययन हो। यसमा घटना विश्लेषणका माध्यमबाट नेपालमा दण्डहीनताको अपसंस्कृति रहेका मुख्य-मुख्य क्षेत्रहरू पहिचान गरी त्यसको अन्त्यका निम्ति चाल्नुपर्ने कानुनी र संस्थागत सुधारका बारेमा सुझाव दिइएको छ।

नेपालमा शान्ति प्रक्रियाको विवेकपूर्ण समापन र लोकतन्त्रको सुदृढीकरणको प्रसङ्गमा दण्डहीनता एउटा गम्भीर चुनौतीका रूपमा देखा परेको छ। खासगरी कानुनी राज्य स्थापना गर्ने, पीडकलाई जिम्मेवार बनाउने, पीडितलाई परिपूरण दिलाउने र दिगो शान्ति कायम गर्ने विषय चुनौतीपूर्ण देखिएका छन्। अन्य सामाजिक क्षेत्रमा भन्दा राज्यतहको जिम्मेवारी वहन गर्नेहरूमा नै दण्डहीनता र राजनीतिक अपराधीकरण डरलाग्दो किसिमले बढ्दो छ। यसमा नीतिनिर्माण तहबाट गरिएको बेवास्ता झनै घातक छ।

सङ्क्रमणकालका नाममा लामो समयसम्म कानुनी राज्यको खिल्ली उडाइनाले गणतन्त्रात्मक लोकतन्त्रसमेतले स्थायित्व र पूर्ण सफलता पाउन एवम् दण्डहीनतालाई अन्त्य गर्नेतर्फ सार्थक काम हुन सकेको छैन। गैरन्यायिक हत्या, यातना, यौनजन्य अपराध, अत्यधिक बलप्रयोग, बेपत्ताजस्ता मानवअधिकारका गम्भीर र शृङ्खलाबद्ध उल्लङ्घनकर्ता दण्डित नहुनु मात्र होइन, यसप्रति राज्यले आँखा चिम्लिएकाले मानवअधिकार र कानुनी राज्यका पक्षपातीहरू चिन्तित हुनुपर्ने अवस्था विद्यमान छ।

## १.२. नेपालको सन्दर्भमा दण्डहीनता

### दण्डहीनताको परिभाषा

सामान्य अर्थमा दण्डहीनता भन्नाले निषेधित वा गर्न नहुने कार्य गरेबापत सजाय हुन नसकेको वा नगरिएको अवस्था भन्ने बुझिन्छ। तर, अन्तर्राष्ट्रिय कानुनले सामान्य अर्थमा भन्दा विशिष्ट ढङ्गले दण्डहीनतालाई परिभाषित गरेको छ। जसअनुसार, यसलाई मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घन गर्ने व्यक्तिउपर कारबाही नगरिएको वा गर्ने इच्छा नराखिएको वा गर्न असफल भएको र पीडितहरूलाई परिपूरण दिलाउन नसकिएको वा नचाहेको अवस्थालाई जनाउने गरी